**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २९८**

**पुनरावेदन नं. ०७७-RB-०२१९**

**मुद्दाः– मुल्य अभिबृद्धि कर (२०७३/०७४) ।**

बारा जिल्ला लिपनीमाल गा.वि.स. वडा न. ८ स्थित चुरियामाई तेल उद्योग प्रा.लि.(स्थायी लेखा नं.१०७०५८६४३) को तर्फबाट प्रोपाईटर नयनतारा रुंगटा....................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय, सिमरा...........................................................१ } प्रत्यर्थी
महानिर्देशक, आन्तरीक राजस्व विभाग काठमाण्डौ...........................................१ }

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री तुलसी प्रसाद चौलागाई

शुरु कार्यालयको निर्णय मितिः–२०७६/०३/२०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः- २०७७/०३/११

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रमणकुमार कर्ण

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६/०३/२० मा भएको निर्णय र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७/०३/११ को निर्णय उपर राजस्व राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता चुरियामाई तेल उद्योग प्रा.लि.(स्थायी लेखा नम्बर १०७०५८६४३) को आर्थिक वर्ष २०७३/०७४ को मू.अ.कर तर्फ कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर तथा जरिवाना गणना गरी जम्मा रू.१७,१०,४९९।— कर निर्धारण गर्नुपर्ने आधार र कारण संलग्न गरी प्रारम्भिक कर निर्धारण आदेशगर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६।०३।१७ मा सूचना जारी गरेको।

२. आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६।०३।१७ मा जारी भएको सूचना करदाता चुरियामाई तेल उद्योग प्रा. लि. ले उक्त सूचना मिति २०७६।०३।१७ मा बुझिलिई सोको जवाफ मिति २०७६।०३।२० मा पेश गरेको।

३. करदाता स्वयमले ५२६२५०० के.जि. भटमास खपतबाट उत्पादन हुने पिना बिक्रीमा मुल्य अभिबृद्धि कर नलाग्ने तर तेलको बिक्रीमा मुल्य अभिबृद्धि कर लाग्ने भएको हुँदा घटी उत्पादन देखाएको ५२६२५ के.जि. तेलको प्रति के.जि. रु.१००।- को दरले बिक्री भएको मानी हुन आउने रकम रु.५२,६२,५००।- को १३ प्रतिशतले हुने मुल्य अभिबृद्धि कर रु.६,८४,१२५।- लाई मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २०(१) (ख) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९ (२) (ख) बमोजिम शत प्रतिशत जरिवाना, दफा १९ बमोजिम थप दस्तुर र दफा २६ बमोजिम व्याज असुल गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६।०३।२० मा जारी भएको निर्णय पर्चा।

४. आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७६।०३।२० मा भएको आ.व. २०७३/०७४ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता श्री चुरियामाई तेल उद्योग प्रा. लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०४।१९ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

५. उद्योग विभागबाट मिति २०७६।०३।१७ मा लेखि आएको मापदण्ड अनुसार ५२६२५०० के.जी. भटमास खपतबाट ४७३६२५ के.जी. तेल उत्पादन गर्नुपर्नेमा ४२१००० के.जी.

मात्र उत्पादन देखाएकोले घटी उत्पादन भएको ५२६२५ के.जी. तेलको प्रति के.जी. रु.१००।- को दरले हुन आउने रकम रु.५२,६२,५००।- लाई बिक्री मुल्य मानी उक्त रकममा मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २०(१) (ख) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९(२) (ख) बमोजिम कसुर गरेको देखिएकोले विगोको शत प्रतिशत जरिवाना, दफा १९ बमोजिम थप दस्तुर र दफा २६ बमोजिम व्याज असुल गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको निर्णय कानून सम्मत रहेकोले करदाताको जिकिर पुग्न सक्दैन भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।११ मा भएको निर्णय।

६. मेशिनरी गडबडी, लोड सेडिङ्, कच्चा पदार्थको गुणस्तर आदी जस्ता कारणले उद्योग विभागको मापदण्ड अनुसार भटमासको तेल र पीना उत्पादनमा फरक पर्न सक्ने हुँदा उक्त मापदण्ड अनुसार भटमासको तेल र पीनाको उत्पादन देखाइ मुल्य कायम गरी सोको आधारमा गरिएको मुल्य अभिबृद्धि कर, जरिवाना, थप दस्तुर र व्याज समेत असुल उपर गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्ज विभागका महानिर्देशकबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने समेत बेहोराको करदाता चुरियामाई तेल उद्योग प्रा. लि. ले मिति २०७७।०६।२८ मा यस न्यायाधिकरणमा गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्याविधि सहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७८।०५।११ को यस न्यायाधिकरणबाट भएको आदेश।

८. यसमा यिनै करदाताले आयकर (०७३/०७४) र मुल्य अभिवृद्धि कर (०७३/०७४) मुद्दामा आन्तरिक राजश्व कार्यालय सिमरा, वारा वाट मिति २०७६।०३।२० मा संशोधित कर निर्धारण आदेश भए उपर आन्तरिक राजश्व विभागमा मिति २०७६।०४।१९ मा प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गरेकोमा कानुन बमोजिमको अवधि भित्र निर्णय नभएको भनि यस न्यायाधिकरणमा 076-RB-0102 (आयकर तर्फ) र 076-RB-0103(मुल्य अभिवृद्धि कर तर्फ) पुनरावेदन दायर भइ विचाराधिन रहेको अवस्थामा सोही मुद्दामा आन्तरिक राजश्व विभागवाट मिति २०७७।०३।११ गते निर्णय भएको र उक्त निर्णय उपर समेत करदाताको यस न्यायाधिकरणमा 077-RB-0220 (आयकर तर्फ) र 077-RB-0219 (मुल्य अभिबृद्धि कर तर्फ) छुट्टाछुट्टै पुनरावेदन परेको हुंदा चारवटै पुनरावेदन पत्रलाई लगाउ कायम गरिदिएको छ। साथै पेशीमा चढाइ पेश गर्ने। करदाताले कानुनले तोकेको अवधि भित्र आन्तरिक राजश्व विभागवाट निर्णय भएको सूचना नपाएकोले यस राजश्व न्यायाधिकरणमा पुनरावेदन गरेको भनी

सूचना मिति २०७६।०८।०९ मा आन्तरिक राजश्व विभागमा दिएको भनी सूचनाको प्रतिलिपी पुनरावेदन पत्र साथ पेश गरेकोमा सकल फाइलमा उक्त सूचना संलग्न रहेको नदेखिंदा उक्त दर्ता नं.४८४२ मिति २०७६।०८।१९ मा विभागमा दिएको भनिएको उक्त सूचना प्राप्त भएको छ वा छैन ? प्राप्त भएको भए सोको सकलै प्रति आन्तरिक राजध विभागवाट मगाउने। पुनरावेदक करदाताले राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी राखेको छ वा छैन ? आ.व.२०७३/०७४ कोआयकर र मुल्य अभिवृद्धि कर दुवै मुद्दाको अभिलेख गरी यकिन जवाफ पठाइदिनु भनि आन्तरिक राजश्व कार्यालय सिमरालाई पत्राचार गरी स्पष्ट जवाफ मगाई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७८।१२।२२ को यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री चुरियामाई तेल उद्योग प्रा.लि.का तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री रमणकुमार कर्णले मेशिनरी गडबडी, लोड सेडिङ्, कच्चा पदार्थको गुणस्तर आदी जस्ता कारणले उद्योग विभागको मापदण्ड अनुसार भटमासको तेल र पीना उत्पादनमा फरक पर्न सक्ने हुँदा उक्त मापदण्ड अनुसार भटमासको तेल र पीनाको उत्पादन देखाइ मुल्य कायम गरी सोको आधारमा आन्तरिक राजस्व कार्यालय सिमराबाट गरिएको मुल्य अभिबृद्धि कर, जरिवाना, थप दस्तुर र व्याज समेत असुल उपर गर्ने गरी गरेको अन्तिम कर निर्धारण आदेश र सोही आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश तथा सोही आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय सिमराबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको

छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. अव पुनरावेदक करदाताको पुनरावेदन पत्र हेर्दा आ.व. २०७३।०७४ मा सोयाविनबाट मापदण्ड अनुसार तेल उत्पादन, बिक्री नभएको, विजक जारी नभएको, मुल्य अभिबृद्धि नभएको, प्रतिफल प्राप्त नभएको सामानको काल्पनिक बिक्री कायम गरी मुल्य अभिबृद्धी कर कायम गरेको मिलेन भन्ने जिकीर लिएको देखिन्छ। **मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २० को उपदफा (१) मा "देहायको कुनै अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्नेछः- " भनि देहाय (ख) मा "अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेमा" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २९ को उपदफा (२) मा "कुनै व्यक्तिले देहाय बमोजिमका कुनै कसुर गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको शत प्रतिशत रकम जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ" भनी देहाय (ख) मा "जालसाजी गरी कर छलेमा" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।** उद्योग विभागबाट प्राप्त मिति २०७६।०३।१७ मा लेखि आएको मापदण्ड अनुसार प्रति १०० के.जी. भटमासबाट २ के.जी. तेल, ८९ के.जी. पिना र २ प्रतिशत नोक्सानी हुने व्यहोरा उल्लेख भएको देखिन्छ। यस अनुसार करदाता कम्पनीले ५२६२५०० के.जि. भटमास खपतबाट ४७३६२५ के.जी. तेल उत्पादन गर्नुपर्ने मिसिलबाट देखिन्छ। करदाताबाट मेशिनरी गडबडी, लोड सेडिङ्, कच्चा पदार्थको गुणस्तर आदी जस्ता कारणबाट उक्त भटमासबाट ४२१००० के.जी. मात्र तेल उत्पादन भएको भनी मिसिल संलग्न कागजातबाट देखिन्छ। उद्योग विभागबाट लेखि आएको मापदण्ड अनुसार ५२६२५०० के.जी. भटमास खपतबाट ४७३६२५ के.जी. तेल उत्पादन गर्नुपर्नेमा ४२१००० के.जी. मात्र उत्पादन देखाएकोले घटी उत्पादन भएको ५२६२५ के.जी. तेलको प्रति के.जी. रु.१००।- को दरले हुन आउने रकम रु.५२,६२,५००।- लाई बिक्री मुल्य मानी उक्त रकममा मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २० को उपदफा (१) को देहाय (ख) बमोजिम आन्तरिक राजस्व कार्यालय सिमराका प्रमुख कर अधिकृतबाट माथि उल्लिखित कानूनी व्यवस्था बमोजिम अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेको भन्ने आधारमा मुल्य अभिबृद्धि कर निर्धारण गरेको मिसिलबाट देखिन्छ। यसरी करदाताले आन्तरिक राजस्व कार्यालयमा अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेको मानी मुल्य अभिबृद्धि कर निर्धारण गरिसकेको अबस्थामा सोही ऐनको दफा २९ को उपदफा (२) को देहाय (ख) बमोजिम कसुर गरेको देखिएको भनी विगोको शत प्रतिशत रकम जरिवाना गर्नेगरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट निर्णय भएको देखिन्छ। करदाताबाट भएको एउटै कार्यलाई एउटै कानूनको फरक फरक ढंगले प्रयोग गरी

गरिएको शुरु कर कार्यालयको मुल्य अभिबृद्धि सम्बन्धी अन्तिम कर आदेश विरोधाभासपुर्ण रहेको देखियो। यसरी भएको आदेशमा चित्त नबुझी करदाताबाट प्रशासकीय पुनरामवलोकनको लागि दिएको निवेदनमा आधार र कारण समेत उल्लेख नगरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट सोही आदेशलाई सदर गर्ने गरी मिति २०७७।०३।११ मा भएको निर्णय समेत विरोधाभासपूर्ण रहेको देखिँदा बदर गरिदिएको छ। अब करदाताको आ.ब. २०७३।०७४ को मुल्य अभिबृद्धि करको पुनःअन्तिम कर निर्धारण गर्नुपर्ने देखिँदा आधार र कारण समेत खोली पुनःअन्तिम कर निर्धारण आन्तरिक राजस्व कार्यालय, सिमराबाट हुन उपयुक्त देखियो।

१३. **तसर्थ माथि विवेचित आधार र कारणबाट करदाता चुरियामाई तेल उद्योग प्रा. लि. (स्थायी लेखा नं.१०७०५८६४३) को आ.ब. २०७३/०७४ को मुल्य अभिबृद्धि कर तर्फ अन्तिम कर निर्धारण गर्दा आन्तरिक राजस्व कार्यालय सिमराले मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २०(१)(ख) बमोजिम आधार ग्रहण गरेकोमा सोही ऐनको दफा २९(२)(ख) बमोजिम शतप्रतिशत जरिवाना गरेको मिति २०७६।०३।२० को निर्णय विरोधाभासपुर्ण रहेको र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।११ मा भएको निर्णय समेत न्यायोचित नदेखिँदा बदर गरिदिएको छ। अब आधार र कारण सहित पुनःअन्तिम कर निर्धारण गर्नु भनी फाइल शुरु आन्तरिक राजस्व कार्यालय, सिमरा पठाई दिनू। अरुमा तपसिल बमोजिम गर्नू ।**

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता चुरियामाई तेल उद्योग प्रा. लि. (स्थायी लेखा नं.१०७०५८६४३) को आ.ब. २०७३/०७४ को मुल्य अभिबृद्धि कर तर्फ अन्तिम कर निर्धारण गर्दा आन्तरिक राजस्व कार्यालय सिमराले मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा २०(१)(ख) बमोजिम आधार ग्रहण गरेकोमा सोही ऐनको दफा २९(२)(ख) बमोजिम शतप्रतिशत जरिवाना गरेको मिति २०७६।०३।२० को निर्णय विरोधाभासपुर्ण रहेको र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।११ मा भएको निर्णय समेत न्यायोचित नदेखिँदा बदर भएको हुँदा अब आधार र कारण सहित आ.ब. २०७३/०७४ को पुनःअन्तिम कर निर्धारण गर्नु भनी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय, सिमरामा पठाई दिनू

२. फैसलाको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

३. नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
४. फैसलाको विधुतिय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः श्री भिष्म भट्टराई
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इति सम्बत २०७९ साल चैत्र  २६ गते रोज १ शुभम......................
प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्नेः-                    राजस्व न्यायाधिकरण काठमाण्डौको छाप